म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १५६ मंगलबार ३ माघ २०७९ ने. सं. ११४३ पोहेलागा 17 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आगलागी पीडितलाई राहत

हेटौंडा, २ माघ/कैलाश गाउँपालिकाले आगलागी पीडित स्थानीयलाई राहत सामाग्री उपलब्ध गराएको छ । गाउँपालिकाका अध्यक्ष लोक मुक्तान आज राहत तथा बन्दोबस्तीको सामान लिएर कैलाश-२ घरेटीका पीडित कुमार चेपाङको गाउँ पुगेका थिए । उनले चेपाङ परिवारलाई सिरक-डस्ना, लत्ताकपडा, भाँडाकुडा, म्याट, खाद्यसामग्री गाउँमै पुगेर हस्तान्तरण गरेका हुन् । चेपाङको घर निर्माणको लागि गाउँपालिकाले सहयोग गर्ने अध्यक्ष मुक्तानले बताए । उनलाई घर बनाउन जस्तापाता तथा आवश्यक निर्माण सामाग्री उपलब्ध गराईने अध्यक्ष मुक्तानले जानकारी दिए । गएको पुस २९ गते आगलागीमा परि चेपाङको घर पूर्ण नष्ट भएको थियो । आगलागीबाट उनको घरमा रहेको खाद्यान्न तथा लत्ताकपडासमेत सबै जलेको अध्यक्ष मुक्तानले जानकारी दिए ।

# मुख्यमन्त्री जम्मकट्टेलले आज विश्वासको मत लिँदै

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ बागमती प्रदेशको मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले आज प्रदेश सभामा विश्वासको मत लिदैछन् ।

संविधानको धारा १८६ को उपधारा २ बमोजिम मुख्यमन्त्रीमा नियुक्त भएको व्यक्तिले एक महिनाभित्र सदनमा विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था रहेको छ । सोही व्यवस्था अनुसार मुख्यमन्त्री जम्मकट्टेलले आज प्रदेशसभामा विश्वासको मत लिन लागेका हुन् । आज मंगलबार दिउँसो साढे १२ बजे मुख्यमन्त्रीको विश्वासको मतको लागि प्रदेशसभा बैठक बोलाइएको प्रदेशसभा सचिवालयका सचिव कृष्णहरि खड्काले जानकारी दिए । जम्मकट्टेल गत पुस २५ गते बागमती प्रदेशको चौथो मुख्यमन्त्रीमा नियुक्त भएका थिए । प्रदेश संरचनाको दोस्रो कार्यकालको पहिलो मुख्यमन्त्री बनेका जम्मकट्टेलले पुस २६ गते प्रदेश प्रमुख यादवचन्द्र शर्मासमक्ष पद तथा गोपनियताको शपथग्रहण गरेका थिए । जम्मकट्टेल प्रदेशसभाको ५ दलको समर्थनमा मुख्यमन्त्री बनेका हुन् । उनलाई मुख्यमन्त्रीमा नेकपा एमालेको २७, नेकपा माओवादी केन्द्रको २१, राप्रपाको १३, नेकपा एकिकृत समाजवादीको ७ र हाम्रो नेपाली पार्टीको २ सांसद गरि ७० जनाको समर्थनमा मुख्यमन्त्री बनेका थिए ।

११० सदस्यीय बागमती प्रदेशसभामा ३७ सिट रहेको नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी र ३ सिट रहेको नेपाल मजदुर किसान पार्टीमात्रै प्रतिपक्षमा छ । पुस २६ गते



माओवादी नेतृत्वको सरकारलाई समर्थन गरेको कांग्रेसले बागमती प्रदेश सरकारलाई समर्थन गर्न सक्ने सम्भावना देखिन्छ । बागमती प्रदेशमा पनि माओवादीकै नेतृत्वमा सरकार बनेको र प्रदेशमा पनि पछि सरकार बनाउने सम्भावना जीवितै राख्नको लागि कांग्रेसले मुख्यमन्त्रीलाई विश्वासको मत दिन सक्ने कांग्रेसका एक सांसद्ले बताए । तर, नेपाली कांग्रेस बागमती प्रदेश सभापतिसमेत रहेका प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले भने मंगलबार बस्ने प्रदेशको कार्यसम्पादन समितीको बैठक यसबारे निर्णय गर्ने बताए । बानियाँको अनुसार मंगलबार बिहान ११ बजे कांग्रेस बागमती प्रदेशको कार्यसम्पादन समितीको बैठक बस्दैछ । सो बैठकले मुख्यमन्त्रीलाई विश्वासको मत दिने नदिने विषयमा छलफल गरेर निर्णय गर्नेछ । त्यसपछि कांग्रेस संसदीय दलको बैठक बसेर प्रदेशसभा सदस्यहरुको धारणाअनुसार निर्णय लिइने उनले बताए । ७० सांसद्को समर्थनमा मुख्यमन्त्री बनेका जम्मकट्टेललाई कांग्रेसले पनि विश्वासको मत दिए उनको समर्थनमा १०७ मत हुनेछ । मुख्यमन्त्री जम्मकट्टेलले कांग्रेस र नेमकिपासँग पनि विश्वासको मत माग्ने तयारी गरेको बताइएको छ । कांग्रेसले विश्वासको मत नदिएको खण्डमा पनि मुख्यमन्त्री जम्मकट्टेललाई सहजै बहुमत पुग्नेछ ।

केन्द्रमा प्रधामन्त्रीलाई विश्वासको मत नदिएको नेमकिपाले भने प्रतिपक्षमा बस्ने स्पष्ट पारिसकेको छ । बागमती प्रदेशसभाको छैटौं दल नेपाल मजदुर किसान पार्टीले प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेललाई विश्वासको मत नदिने भएको हो । केन्द्रमा पनि प्रतिपक्षमा बसेको नेमकिपा बागमती प्रदेशमा पनि प्रतिपक्षमा बस्ने नेमकिपा संसदीय दलका नेता सुरेन्द्रराज गासाईंले बताए । उनले नेमकिपा प्रदेशको पहिलो कार्यकालमा पनि पुरा समय प्रतिपक्षमा बसेको भन्दै दोस्रो कार्यकालमा पनि प्रतिपक्षीकै भुमिकामा बस्ने बताए । उनका अनुसार एक्लै प्रतिपक्षको भूमिका निर्वाह गर्नुपरे पनि नेमकिपा तयार छ । अघिल्लो कार्यकालमा २ सिट रहेको नेमकिपाको यो कार्यकालमा ३ सिट छ ।

सभामुख र उपसभामुखको निर्वाचनमा तटस्थ बसेको नेकपा एकिकृत समाजवादीले मंगलबार मुख्यमन्त्रीलाई भने विश्वासको मत दिने तयारी गरेको छ । सरकार गठनमा समर्थन गर्दै आफैं सरकारमा सहभागी हुन इच्छा देखाइरहेको एकीकृत समाजवादीले सभामुख तथा उपसभामुखको लागि भने मत दिएको थिएन । शुक्रबार भएको सभामुखको निर्वाचनमा तथस्ट बसेको समाजवादीले सोमबार भएको उपसभामुखको निर्वाचनमा पनि तथस्ट बसेको थियो ।

सरकारलाई समर्थन गर्नु र सदन जस्तो ऐन निर्माण गर्ने थलोलाई समर्थन गर्नुमा फरक बिषय भएको बताउँदै उपसभामुखको निर्वाचनमा पनि तथस्ट बसेको एकीकृत समाजवादीले उपसभामुखलाई पनि मत नदिने एसका प्रदेश संसद कृष्णप्रसाद शर्मा खनालले बताए । 'सरकारलाई समर्थन गरेका हौं। यसको अर्थ यो होइन हरेक कुरामा समर्थन गर्न पर्छ भन्ने होइन । सभामुख निर्वाचनमा जसरी नै बैठकमा सहभागी भयौं। तर तथस्ट बस्यौं', खनालले भने । तर, मंगलबार मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले विश्वासको मत लिने कार्यक्रममा भने एकीकृत समाजवादी सहभागी भएर पक्षमा दिने उनले बताए ।

बागमती प्रदेशमा मुख्यमन्त्रीले विश्वासको मत लिएपछि मात्रै मन्त्रिपरिषद् विस्तार हुने भएको छ । १४ वटा मन्त्रालय रहेको बागमती प्रदेश सरकारमा हाल मुख्यमन्त्री जम्मकट्टेलसहित ३ सदस्यीय मन्त्रिपरिषद् छ । त्यसमा पनि एकजना मन्त्रि विना विभागिय अवस्थामा छन् । पुस २५ गते प्रदेशको चौथो मुख्यमन्त्रीमा नियुक्त भएका जम्मकट्टेलले २६ गते शपथग्रहणलगत्तै २ जना मन्त्रि नियुक्त गरेका थिए । उनले नेकपा एमाले संसदी दलका नेता जगन्नाथ थपलियालाई आर्थिक मामिला तथा योजना मन्त्री बनाएका थिए भने राप्रपाका संसदीय दलका नेता उद्धव थापा विना विभागिय मन्त्री बनेका थिए ।

प्रदेशमा रहेको अन्य १२ वटा मन्त्रालय मुख्यमन्त्री आफैले चलाइरहेका छन् । उनले आफूले विश्वासको मत लिएपछि मात्रै मन्त्रिपरिषद् विस्तार गर्ने जनाएका छन् । तर,प्रदेशमा मन्त्रालय घटाएर ९ वटा बनाउने तयारी हुँदै गर्दा सत्ता गठबन्धनका दलको दाबी भने १४ वटा पुगेको छ । मुख्यमन्त्री जम्कट्टेलले १४ बाट घटाएर कम्तीमा ९ र बढीमा ११ वटा मन्त्रालय बनाउने योजना बनाएका छन् । तर, सत्तारूढ दलभित्र मन्त्रीको दाबी गर्नेको संख्या बढेपछि भागबन्डा मिलाउन सकस हुने देखिन्छ ।

# बागमतीको उपसभामुखमा चापागाईं निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ बागमती प्रदेशसभाको उपसभामुखमा अप्सरा चापागाईं निर्वाचित भएकी छन् ।

सोमबार भएको निर्वाचनमा चापागाईं ६१ मत ल्याउँदै उपसभामुखमा निर्वाचित भएकी हुन् । सत्तारुढ गठबन्धनबाट उम्मेदवार बनेकी एमालेकी चापागाईंको विपक्षमा ३९ मत खसेको थियो भने ७ जना तटस्थ बसेका थिए । ११० प्रदेशसभा सदस्यमध्ये सोमबारको बैठकमा १०८ जनाको मात्रै उपस्थिती रहेको थियो ।




चापागाईंलाई एमाले, माओवादी, राप्रपा र हाम्रो नेपाली पार्टीले मत दिएका थिए । उपसभामुखको अर्को उम्मेदवार नेमकिपाकी गिता काफ्लेले ३ मत पाइन् । उनलाई नेमकिपाका ३ जनाले मत दिएका हुन् ।

नेपाली कांग्रेसको तर्फबाट सोना परियारको लागि निर्वाचन नै गर्नुपरेन । उम्मेदवारी दर्ताको वर्णानुक्रअनुसार निर्वाचन गर्दा नेमकिपाले बहुमत नपाएपछि एमालेको उम्मेदवारको लागि निर्वाचन गरिएको थियो । एमालेको उम्मेदवार चापागाईंले आवश्यक बहुमत पाएपछि अर्को निर्वाचन नभएको हो ।

यसअघि शुक्रबार भएको निर्वाचनबाट प्रदेशसभाको सभामुखमा राप्रपाका भुवनकुमार पाठक सभामुखमा निर्वाचित भएका थिए । उनले ६२ मत पाएको भएपनि उपसभामुखमा चापागाईंले भने ६१ मत मात्रै पाइन् ।

७ दलीय गठबन्धनमा बागमती प्रदेशको सभामुख राप्रपा र उपसभामुख एमालेले पाउने सहमति भएको थियो । सो सहमतिअनुसार सभामुख राप्रपा महामन्त्रीसमेत रहेका भुवनकुमार पाठक निर्वाचित भएका छन् भने उपसभामुखमा एमालेकी चापागाईं निर्वाचित भइन् । यसअघि प्रदेशसभाको पहिलो कार्यकालमा एमालेका सानु श्रेष्ठ सभामुख र नेकपा माओवादी केन्द्रकी राधिका तामाङ उपसभामुख थिइन् ।

# ५ वटा अध्यादेश स्वीकृत

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ बागमती प्रदेशको प्रदेशसभा बैठकले ५ वटा अध्यादेश स्वीकृत गरेको छ ।

प्रदेशसभा सचिवालयमा सोमबार बसेको प्रदेशसभा बैठकले ५ वटा अध्यादेश स्वीकृत गरेको हो । प्रदेश सभाको सोमबार बसेको बैठकमा मुख्यमन्त्री शालिकराम जमकट्टेल ५ वटा अध्यादेश स्वीकृत गरियोस् भन्ने प्रस्ताव पेश गरेका गरेका थिए । अध्यादेश अस्वीकार सम्बन्धी प्रदेश सभामा निवेदन नपरेकोले सभामुख भुवन कुमार पाठकले अध्यादेश सर्वसम्मतले स्वीकृत भएको घोषणा गरे ।



मुख्यमन्त्री जमकट्टेलले सभामा पेश गरेको प्रदेश निजामति सेवा गठन तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७९, स्थानीय तहको सेवा गठन तथा संचालन सम्बन्धमा बनेको अध्यादेश २०७९, प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश २०७९, प्रदेश कृषि विकास सम्बन्धी व्यवस्था गर्न बनेको अध्यादेश २०७९ र प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धी अध्यादेश २०७९ सर्वसम्मतले स्वीकृत भएको छ ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर:**

९८४५०२७०६४/९८५५०६८०३८

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# विद्यालय दिवा खाजामा रैथाने उत्पादनको प्रयोग बढाउनै पर्छ

विद्यालय जाने बालबालिकाहरुको लागि खाजा अनिवार्य छ । विहान ९ बजे हाराहारी खाना खाएर विद्यालय गएका विद्यार्थीहरु अपरान्ह ४ बजेपछिमात्र घर आउने गर्छन् । करिब ६ घण्टामा बालबालिकाहरुलाई भोक लाग्नु स्वाभाविकै हो । त्यसबीचमा खाने खाजा पछिल्लो समय अत्यन्तै अस्वस्थकर रहने गरेको पाइएको छ । पछिल्लो समय निजी विद्यालयहरुले खाजामा घरायसी खाद्यबस्तुको प्रयोग बढाउन निकै मेहनत गरेको पाइन्छ । विद्यालयमा जंकफुड अर्थात् स्वास्थ्यको लागि हानिकारक खाद्यबस्तु खान रोक लगाउन विद्यालयहरु लागिरहेको पाइन्छ । त्यसको तुलनामा सामुदायिक विद्यालयहरुले यसमा खासै चासो देखाएको पाइँदैन । सामुदायिक विद्यालयमा विद्यार्थीहरुले के खाजा खाए ? स्वास्थ्यलाई राम्रो हुने खानेकुरा खाए कि हानिकारक खानेकुरा खाए ? त्यो विद्यालयलाई खासै चासो हुँदैन । तर, यसमा अभिभावकले पनि चासो नदिँदा विद्यार्थीहरुले अखाद्य पदार्थ मिसिएको वा शरीरलाई हानि पुऱ्याउने खाद्यबस्तु खाइरहँदा बालबालिकाको स्वास्थ्यमा निकै असर परिरहेको छ ।

पछिल्लो समय मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकामा विद्यालयमा दिवा खाजामा रैथाने खाद्यबस्तु प्रयोग गरिहएको खबर बाहिरिएको छ । एउटा पनि निजी विद्यालय नरहेको मकवानपुरगढी गाउँपालिकाले आफ्ना विद्यार्थीहरुलाई सामुदायिक विद्यालयमा खाजा वितरण कार्यक्रम लागू गरेको छ । त्यो खाजामा पनि रैथाने बालीहरुलाई प्रयोग गर्ने गरेको समाचार बाहिरिनु आफैंमा उत्साहजनक कुरा हो । विद्यार्थीहरुलाई खाजाको लागि खर्च गरिरहँदा रैथाने बालीको उपयोग गर्नु आफैंमा सराहनीय विषय हो । कोदो, मकै, फापरलगायत बालीबाट बनेका परिकारहरुलाई विद्यालय खाजामा समावेश गरिँदा एक स्थानीय उत्पादनको बिक्री हुन्छ भने अर्को विद्यार्थीहरुको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्दछ ।

शहरी क्षेत्रका विद्यार्थीहरुले दिवाखाजामा चटपटे, कुरकुरे, लेज, मैदाको पिठोबाट बनेका परिकारको प्रयोग बढी गरेको पाइन्छ । तर, यो स्वास्थ्यको दृष्टिकोणले निकै हानिकारक हुने चिकित्सकहरुले बताउँदै आएका छन् । घरमा बनाएको भुटेको भात, मकै, भटमास, गहुँको रोटी, चना, केराउ, सातुलगायत घरायसी धेरै परिकारहरु बालबालिकाहरुको लागि लाभदायक हुने चिकित्सकहरु बताउँछन् । अभिभावकको आर्थिक हैसियतको आधारमा दिवाखाजालाई व्यवस्थापन गरिँदा विद्यार्थीहरुको स्वास्थ्यमा गम्भीर असर परिरहेको छ । पछिल्लो समय स्थानीय तहको सरकारले विद्यालय तहमा दिवाखाजाको व्यवस्थापन गर्दै आएका छन् । त्यसमा विद्यार्थीहरुलाई कम खर्चमा पोषिलो खानेकुरा खुवाउन स्थानीय सरकारहरु लाग्नुपर्ने अपरिहार्यता छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ ४ गते बुधबार १८ जनवरी २०२३ । एकादशी माघ कृष्णपक्ष। पोहेलागा ११४३ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:३१। षट्तिला एकादशी ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : नातागोतासँग भेटघाट हुनेछ | तुला | : व्यापार-व्यवसायमा उन्नति हुनेछ |
| वृष | : रोकिएको कामहरु बन्नेछ | वृश्चिक | : नबोली बस्दा राम्रो हुनेछ |
| मिथुन | : आनन्दको महसुस हुनेछ | धनु | : प्रेममा विवाद आउनसक्नेछ |
| कर्कट | : मन चञ्चल हुनेछ | मकर | : बोलीमा नियन्त्रण गर्नुपर्नेछ |
| सिंह | : मान-सम्मान बढ्नेछ | कुम्भ | : हाँसखेलमा दिन जानेछ |
| कन्या | : धन लाभ हुनेछ | मीन | : मनमा धेरै कुरा खेल्ने छन् |

# नयाँ अभ्यासको मूल्यांकन कसरी ?



**कुलचन्द्र वाग्ले**

पहिलो प्रश्न - नयाँ अभ्यासलाई स्वीकार गर्ने वा नगर्ने भन्ने छ । स्वीकार नगर्दा यथास्थितिलाई जोड पुग्ने र स्वीकार गर्दा नयाँ वा थप विकृति र राजनीतिक जोखिम बढ्ने हो कि ? भन्ने चिन्ता छ । मानव सभ्यताको विकास नै नयाँ अभ्यासहरुलाई प्रयोग गरेर अघि बढेको हो । अभ्यासलाई आत्मसात गरेर नै सभ्यता विस्तार भएको हो । आजको मान्छेले कतिऔं नयाँ अभ्यासलाई प्रयोग, उपयोग वा सदुपयोग गर्दै यहाँसम्म आएको होला ? विश्वको रुपान्तरण नयाँ अभ्यासहरुकै देन हो ।

सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिकसमेत यावत् विषयमा नयाँ अभ्यासहरु अंगीकार गरेर नै 'मानिस युग' वैज्ञानिक उपलब्धिको शिखर पुगेको हो । यहाँसम्म पुग्दा कैयन् उहापोह र विकृति पनि सँगसँगै आएका छन् । तैपनि, मानव सभ्यता अविच्छिन्न अगाडि बढेकै छ । निराशामात्रै र अध्याँरोमात्रै छैन दुनियाँ । समय भनेकै गति हो । गति यथास्थितिमा रहँदैन । पृष्ठभूमिको प्रसंग चाहिँ प्रतिनिधि सभा नै प्रतिपक्ष शून्य देखिनु हो । सत्ता सहकर्मी बदलेर हठात् सरकारको नेतृत्वमा पुगेका प्रधानमन्त्री पुष्पकमल दाहाललाई गत मंगलबार सभाको अभूतपूर्व समर्थन प्राप्त भएको संसदीय अभ्यासलाई कसरी लिने भन्ने हो ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) नेतृत्वको गठबन्धनतर्फबाट प्रधानमन्त्री बनाइएका दाहाललाई नेपाली कांग्रेसले समेत प्रतिनिधि सभामा समर्थन मत दिएर परम्परा लंघन गर्यो भन्ने तर्क छ । सभाको सबैभन्दा बढी संख्या प्राप्त दल नेपाली कांग्रेसले प्रमुख प्रतिपक्षको रचनात्मक र सशक्त भूमिकको निर्वाह गर्छ वा गर्नुपर्छ भन्ने सार्वजनिक सोच थियो । तर, भइदियो फरक । फरक अभ्यास, नयाँ अभ्यास पनि हो । इतिहास यस्तै राम्रा, नराम्रा अभ्यासहरुको फेहरिस्त न हो । एककोणीय विश्व होइन, न चिन्तन नै एककोणीय हुनसक्छ ? यही शाश्वत मान्यतामा प्रतिनिधि सभाको अभ्यासलाई नियाल्नु उचित हुन्छ ।

यसअघि संसदीय सभामा विधिगत प्रतिपक्ष दर्ज हुने वा गराउने सांसद चित्रबहादुर केसी र प्रेम सुवाललाई सलाम भन्नुपर्छ र कांग्रेसको समर्थनको तात्पर्य नियाल्नुपर्छ जहाँ स्थापित परम्परा प्राय: भंग र नयाँ घेरा निर्माण भएको छ । संघीय संसद्मा झन्डै नयाँ अभ्यास अगाडि आएको छ । नेकपा (एमाले)का नेता मनमोहन अधिकारीलाई प्रधानमन्त्रीमा समर्थन मत दिएको २०५१ सालको र २०७९ सालको नेतृत्वसमेत प्रधानमन्त्री दाहाललाई मत दिएर प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले नै गरेको हो । यसबीचका परिणाम सुखद पनि छन् र दु:खद पनि । सुखद यस अर्थमा कि समाज अगाडि बढेकै छ ।

कांग्रेसको समर्थनलाई सत्तालिप्सा मात्रै ठान्ने हो भने एमाले र नेकपा (माओवादी केन्द्र)को लिप्सा चाहिँ कुन् हो ? वा तिनमा बद्ध गठजोडभित्र लिप्सा छ कि छैन ? यही एक कारण मान्दा हुन्छ - हालै सम्पन्न निर्वाचनमा सबै दलको मतभार घटेको छ । बढ्यो कता त ? यसपटक मत प्रतिशत नै कममा झर्यो । सबैले स्वीकार गरेको गाम्भीर्य संविधानमाथि अनपेक्षित दबाब, प्रणालीप्रति बढ्दो जोखिम र नेतृत्वप्रति अविश्वास हो । विकास र निकास अबरुद्धजस्तै चिन्ताजनक राष्ट्रिय स्थितिलाई समाल्न कतै अहिले कांग्रेसी निर्णय नै उपाय अभ्यास बन्नसक्छ कि ? जोखिम त जतासुकै थियो, छ । भनिन्छ - घटनालाई शंकाको सुविधा हुन्छ रे ।

इमानमा बस्ने हो भने सबैभन्दा बढी ध्यान एमालेले दिनुपर्छ । एमालेका अध्यक्ष केपीशर्मा ओली अलि बढी वाचाल छन् । तीतो र तिखो बोलीका वाचाल । अरुलाई घोचपेच नगरी उनमा सिद्धान्तको कुरा फुर्दैन । अरुलाई घोचिरहनुमा शर्मा ओलीलाई सन्तुष्टि मिल्नेजस्तो छ । श्रद्धालुलाई कीर्तनगान । जनजनको मनमनमा टाँसिएको सम्झनालाई किन कोट्याउनु नै पर्यो र ? ओली 'घोचपेचको थेसिस-महाग्रन्थ' कुनै भक्त विश्लेषकले तयार गर्ने नै छन् । एउटै सन्दर्भ सम्झौं अस्तिको, प्रतिनिधि सभामा बोलेको । उनी यस्तै केही भन्छन्- 'स्वागत छ, सबै पानी एउटै गिलासमा खन्याए भयो नि ।'

के अब उनी केपी शर्मा ओली - सबै पानी एउटै गिलासमा खनिएपछि राज्यका सबै शक्ति सबै गिलासमा बाड्न तयार छन् ? उनको अभिव्यक्तिको सदाशय व्यवहारमा पनि विम्बित छ त ? भनिन्छ, अहिलेको सत्ता गठबन्धन र समर्थन सत्ता ध्येय प्रेरित हो । देखिन्छ पनि त्यस्तै । सत्ताकै लागि हुँदा पनि यसका राजनीतिक प्रभाव र दुष्प्रभाव दुवै पर्नसक्छन् । सत्ताकै लागि भए पनि नेपाली कांग्रेसको समर्थन रणनीतिक छ । भित्र जेसुकै होस् । प्रधानमन्त्री दाहाललाई समर्थन दिएर पूर्व सहकर्मी 'धोकेबाज वा मौकेबाज'लाई समेत सहयोग दिने सन्देश कांग्रेसले दिएको छ । प्रधानमन्त्री दाहाल बलिया भएका छन् । उनलाई टेक्ने, समाउने दुवै डालो प्राप्त भएको छ । यो शक्ति दाहालले इमानसाथ पूरा गर्नुपर्छ ।

एमाले र यसका अध्यक्ष केपीशर्मा ओलीको समर्थनमा गठजोडले बनाइएका प्रधानमन्त्री दाहाललाई अंकुश लगाउने र लतार्ने मनसुवा थियो । कांग्रेसले एमाले अध्यक्ष ओलीको त्यो, त्यस्तो मनसुवा भत्काइदिएको छ । कांग्रेस नेतृत्वले अघि त्याग्न नसके पनि पछि क्षमाशील साथ दिन तयार भएको टिप्पणी यो परिघटनाप्रति हुनसक्छ । समर्थन पछिका तीन दिनमा कांग्रेसको गतिविधि र मनसायको परख गरौं । यसबीच सबैजसो प्रदेश सरकार बने । कतै पनि कांग्रेसले कम्युनिष्ट नेतृत्वको गठबन्धनलाई तोड्ने र आफूमा जोड्ने प्रयास गरेको पाइएन । सफल, असफल पछिको कुरा, सम्भव प्रयास त कांग्रेसले गर्न सक्थो नि ? पदमा भाग र बण्डाको बालुवाटार बैठक निरन्तर जारी छ । कांग्रेसले त्यसमा हिस्सा खोजेको सुनिएको छैन । सहज प्रतिपक्षकै शान्ति प्रदर्शित गर्दैछ । यो राम्रो कि नराम्रो ? समर्थन र प्रतिपक्षको दुई कोणीय अभ्यास जो देखिँदैछ त्यो उचित कि अनुचित ?

यतिबेला कांग्रेस जुन 'पोजिसन'मा उभिएको छ त्यसमा प्रत्यक्ष प्रभाव पनि दुईकोणीय नै छ । संघीय संसद् संरचनामा कांग्रेस प्रतिपक्षमा रहनुपर्ने मत पार्टीभित्र जति थियो त्यसभन्दा धेरै बढी देशव्यापी सार्वजनिक त्यो मत थियो । दलीय आधिकारिक संख्यामा भने त्यस्तो प्रत्यक्ष मत कम देखियो । कमको अर्थ मत नै होइन भन्न त मिल्दैन । सरकारको नेतृत्वलाई समर्थन गर्दै गरेको कांग्रेसले यसपछि प्रतिपक्षकै रबैया अपनाएको छ । अर्थात्, प्रतिपक्षमा बस्नुपर्ने मत विम्बित प्रभाव पनि कांग्रेसको भूमिकामा परेको स्पष्ट नै छ । कांग्रेस कार्यसम्पादन समितिको निर्णायक बैठकमा दुई महामन्त्रीसमेत पाँच नेताले मात्रै प्रतिपक्षमा बस्ने लिखित राय (नोट अफ डिसेन्ट) व्यक्त गरे । ती पाँच नेता प्रशंसनीय छन् । आन्तरिक प्रतिपक्षी धार जोगाएका छन् । संख्या पाँच । यसका पनि दुई महत्त्व छन् । एक - संख्या, जो कम देखियो । अर्को सन्देश, जो वजनदार देखियो । समर्थनको माध्यमबाट नयाँ अभ्यास । अर्को, प्रतिपक्ष रोज्दा अभ्यासको निरन्तरता, परिमार्जन र सबलीकरण । कांग्रेस यिनै दुईधारे समन्वय प्रयासको अभ्यासमा प्रवेश गर्यो ।

कांग्रेसको आन्तरिक अभ्यासमा पनि निरंकुशता देखिएन । चुनौती वा विपक्षीय मत समेत विम्बित र 'रेकर्ड' भयो । कांग्रेसको प्रजातान्त्रिक अभ्यास र सहिष्णुता बढाउने घटना शृंखलामा यो कडी पनि जोडियो । यस कारण ती पाँच प्रतिपक्षी प्रशंसित भए । जिज्ञासा, यस्तो अभ्यास पछि कस्तो होला ? भन्ने हो । अभ्यास सफल होस् भनेर नै गरिन्छ । असफल पनि त हुनसक्छ । सबैले यत्नलाई इमानमा उतारे असफल नै किन हुनुपर्ला र ?

निश्चय पनि कांग्रेसले संसदीय परम्परामा अपवाद भनिने अभ्यास गरेको हो । सत्ताको खेल र राष्ट्रिय राजनीतिमा पनि यो अभ्यास रणनीतिक योजनाअन्तर्गत छ । दलहरुले यस्तो गर्छन् पनि । तर, अभ्यासको सौन्दर्यले परिणाम पनि सुन्दर नै आउँछ भनिन्छ । सँगै अभ्यास भने कहिल्यै वञ्चित हुँदैन । मात्र यो रंग कि त्यो ढंग भन्ने हो । समयको पर्यायवाची 'गति'लाई मानिनुपर्छ । अभ्यासहरुमा गति, प्रगति अनुदित हुन्छ । समय, समाज अघि बढ्छ । निकै हेर्यौं । परिणामहरु फेरि पनि हेरौं, नयाँ अभ्यासको मूल्यांकन हुने नै छ ।

संविधानको व्याख्याता सर्वोच्च अदालतले निर्क्योल गरेको विषयविपरीत धर्ती छोडेर आफ्नो ढिपी गर्ने केपीशर्मा ओलीले धृष्टता पुन: संसद् विघटनसम्म लाने छनकमा प्रस्तुत गरेका छन् । ओली ध्येयमा विघटनको मतियारा प्रखर महत्त्वाकांक्षी प्रधानमन्त्री दाहाल बन्ने, बनाइने हुन् । एमाले अध्यक्ष ओलीले दाहाललाई प्रधानमन्त्री प्रस्तुत र समर्थन गर्दा प्रतिनिधि सभामा दिएको मन्तव्यको अधिक हिस्सा आफूले दुईदुई पटक संसद् विघटन गरेको अनधिकृत यत्नलाई वैधानिक भन्ने धृष्टचेष्टा हो । व्यक्त चेष्टा नै आगामी निरन्तरता भन्ने छनक पनि हो । यस्तो अधिनायकवादी, अराजक र अवैध ओली चेष्टालाई कांग्रेसले नियन्त्रण गर्नसक्यो र प्रधानमन्त्री दाहालले आफ्नो सार्वजनिक हुटहुटी वा प्रतिबद्धतालाई ख्याल गरे भने संसद्को अवधि रक्षा, संविधानको प्रभावी कार्यान्वयन र राजनीतिक प्रणालीको गतिशील शक्ति अघि बढ्नेछ । सिद्धान्तको कुरा नगरौं । आशा गरौं - सिद्धान्त दुबो हो र सामयिकी मूल्यांकन बहुकोणीय छ । तर गर्ने कसरी ? आआफ्नै भुइँ छन् । *(साभार: बाह्रखरी)*

# मानवअधिकार छोडौं, जैविक अधिकार खोजौं

**मोहन तिम्सिना**

मानवअधिकारको विश्व घोषणापत्र जारी भएको ७८ वर्ष भयो । यो घोषणापत्रको पूरकका रूपमा यो बीचमा थुप्रै महासन्धि जारी भए । तर विश्वभर मानवअधिकार उल्लंघनका घटना कम भएनन् । बरु युद्ध, गरिबी, लैंगिक विभेद, साम्प्रदायिक अतिवाद र निरंकुशता जस्ता परिघटनामा मानवअधिकार कुण्ठित भइरह्यो । मानवअधिकारको नाम जप्दा-जप्दै सिंगो प्रकृति र पर्यावरण ध्वस्त भयो ।

किन यस्तो भयो ? आज यो सवालको जवाफ खोज्न जरूरी भएको छ । तर आजका 'मानवअधिकारवादी' यस्ता विषयमा संवेदनशील देखिँदैनन् । 'मानवअधिकार' शब्द जति मोहक छ, यसभित्रको अवधारणा उति नै अप्राकृतिक र अमानवीय छ । वास्तवमा मानवअधिकारको अवधारणामै खोट थियो । जसका कारण 'मानवअधिकारको घोषणापत्र' ले मानवअधिकारको रक्षा गर्न सकेन । प्रकृति र पर्यावरणको पनि रक्षा गर्न सकेन ।

### उत्कृष्टताको भ्रम

मानवअधिकारको अवधारणा यस्ता मानिसले तयार गरे, जो मानव जातिलाई उत्कृष्ट प्राणी मान्दथे । यिनीहरू मानिसको बुद्धिप्रति गर्व गर्दथे । बुद्धिका सहाराले मानिसले संसारका सबै रहस्य थाहा पाउन सक्छ भन्ने विश्वास गर्दथे । उनीहरूको धारणामा अधिकारका कुरा केवल मानव जातिका लागि मात्र सान्दर्भिक छन्, गैरमानव जीवनलाई यी कुरा असान्दर्भिक छन् । वनस्पति र गैरमानव जीव केवल मानिसको 'उपभोग्य वस्तु' हुन् । मानवअधिकारको अवधारणा यस्तै धारणा राख्ने मानिसले तयार गरे । यसकारण 'मानवअधिकार' ले महत्व पायो, 'गैर मानवअधिकार' ले पाएन । हिजो शास्त्रीय विज्ञानको युगमा यस्तो धारणालाई स्वाभाविक मान्न सकिन्थ्यो । आजको आधुनिक विज्ञानको युगमा स्वाभाविक मान्न सकिन्न । कारण, आधुनिक विज्ञानले मानिसलाई उत्कृष्ट प्राणी मान्दैन ।

आधुनिक विज्ञानका विधा भन्दछन्- मानिस कुनै पनि अर्थमा उत्कृष्ट प्राणी होइन । ब्रह्माण्ड यति विराट छ, त्यसको तुलनामा मानिसको बुद्धि अति छुद्र चिज हो । मानिसको बुद्धि संसारका रहस्य जान्न र बुझ्न पर्याप्त छैन । मानवीय बुद्धिले जीवन र जगतको सत्य बोध गर्न कहिल्यै सक्दैन । बुद्धिले सत्य जस्तै लाग्ने भ्रम (माया) मा मानिसलाई अल्मल्याउँछ । हामी आम मानिस यस्तै भ्रम (माया) मा बाँचिरहेका हुन्छौं । यसकारण हामी गैरमानव जीवभन्दा भिन्न छैनौं । हाम्रो चेतनामा रहेको 'माया' ले नै 'मानिस उत्कृष्ट छ, पशु-पक्षी निकृष्ट छन्' भन्ने भ्रमपूर्ण धारणा पैदा गर्दछ । यथार्थमा मानव र गैरमानव, दुवै जीवनमा तात्विक अन्तर छैन । दुवैको जीवन उस्तै हो । साधारण उदाहरणबाट पनि यो कुरा बुझ्न सकिन्छ । जस्तो कि, बुद्धिका आधारमा मानिसलाई उत्कृष्ट प्राणी मान्ने हो भने सुँघेर थाहा पाउन सक्ने क्षमताका आधारमा कुकुरलाई पनि उत्कृष्ट प्राणी भन्नु पर्‍यो । टाढासम्म देख्न सक्ने क्षमताका आधारमा चिललाई पनि यसै भन्नु पर्‍यो । उफ्रिन सक्ने क्षमताका आधारमा उपियाँलाई पनि उत्कृष्ट प्राणी भन्नु पर्‍यो ।

तर यसो भन्नु ठिक होइन । किनकि, यस्ता गुण प्राणी विशेषका विशिष्ट गुण मात्र हुन्, उत्कृष्टताको परिचायक होइनन् । मानिसको बुद्धि पनि यस्तै विशिष्ट गुण मात्र हो, उत्कृष्टताको परिचायक होइन । यो संसारमा कोही पनि उत्कृष्ट जीव छैन । सबै प्राणीको जीवन उस्तै हो । प्राणीहरू बीचमा उत्कृष्टता-निकृष्टताको धारणा नै असान्दर्भिक कुरा हो । अमूक प्राणीलाई उत्कृष्ट मान्ने वित्तिकै यो संसारमा त्यो प्राणीको मनपरी सुरु हुन्छ । आजसम्म भएकै यही हो । यसकारण मानवअधिकारको अवधारणा उपयुक्त छैन ।

### क्षमताको भ्रम

मानवअधिकारको अवधारणा ल्याउने पात्रहरूको अर्को भ्रम, यिनीहरू अरू प्राणीको तुलनामा मानिससँग विशेष क्षमता छ भन्ने मान्दथे । मानिसभित्र आफ्नो भलो-कुभलो छुट्याउन सक्ने क्षमता हुन्छ । सभ्यता र संस्कृति निर्माण गर्न सक्ने क्षमता हुन्छ । अरू प्राणीमा यो क्षमता हुँदैन । यसकारण अधिकारको धारणा केवल मानिसमा लागू हुन्छ । उनीहरूमा यस्तो धारणा थियो । यो पनि भ्रमपूर्ण धारणा नै हो । यथार्थमा मानिस 'अरूभन्दा क्षमतावान' प्राणी नै होइन । यो संसारमा सबैभन्दा कमजोर बच्चा मानिसको नै जन्मन्छ । मानिसको बच्चा आफैं खान र हिंड्न सक्ने हुन कम्तीमा वर्ष दिन लाग्छ । तर पशुपक्षीको बच्चा जन्मिएको केही घण्टामै आफैं हिंड्न र खान सक्ने हुन्छन् ।

मानिसको बच्चा हुर्कन अस्पताल, डाक्टर र औषधि जरूरी हुन्छ । हुर्किएपछि उसलाई स्कुल कलेज जरूरी हुन्छ । तब बल्ल ऊ जीवनको इलम सिक्न सक्ने बन्दछ । तर जंगलमा पशुपक्षीका बच्चा विना अस्पताल, डाक्टर र औषधि पनि जन्मन्छन्, हुर्कन्छन् । विना स्कुल, कलेज, जीवनको इलम सिक्छन् र आफ्नो प्रजातिको रक्षा गर्न सक्षम बन्दछन् । मानिसका बच्चाले पनि यो धर्तीमा गर्ने भनेको जम्माजम्मी यति नै हो, अर्थात् आफ्नो प्रजातिको रक्षा । तर मानिसका बच्चालाई नियम कानुनले बाँध्न अनिवार्य हुन्छ । अर्ति-उपदेश दिनुपर्ने हुन्छ । अभक्ष खान, अशुभ कर्म गर्नबाट बचाउनु/रोक्नुपर्दछ । हातमा 'शिक्षा' को डिग्री हुन्छ । तर सुख बढाउने भ्रममा मानिसको बच्चा सभ्यता, संस्कृति र पर्यावरण नै मास्न उद्यत हुन्छ । अन्तत: उसले आफ्नै प्रजातिप्रति घात गरिरहेको पनि थाहा पाउँदैन ।

पशुपक्षीको संसारमा यस्तो बिल्कुलै हुँदैन । उनीहरूलाई कसैले अर्ति-उपदेश दिनुपर्दैन । नियम-कानुनले बाँध्नु पनि पर्दैन । उनीहरू कहिल्यै अभक्ष खाँदैनन् । अशुभ कर्म पनि गर्दैनन् । चित्रकला [illegible] प्रजातिको [illegible] जान्दछन् । प्रजातिको परम्परा अनुसारको खानेकुरा खाएर-ख्वाएर आफ्नो प्रजातिको रक्षा गर्न जान्दछन् । जस्तोसुकै संकट परोस्, पशुपक्षीले कहिल्यै आफ्नो प्रजातिको घात गर्दैनन् । यसरी हेर्दा त मानव भन्दा गैरमानव प्राणी क्षमतावान छ भन्नु पर्‍यो ।

तर यसो भन्नु पनि गलतै हुन्छ । कारण, यो संसारमा कुनै प्राणी क्षमतावान र कुनै क्षमताहीन भन्ने नै हुँदैन । सबै प्राणी आ-आफ्ना स्वभावका हुन्छन् । प्राणी विशेषका स्वभावलाई तुलना गर्न मिल्दैन । सबै जीव-जगत मौलिक र सार्वभौम छन् । यसकारण सबै प्राणी उत्तिकै महत्वका छन् । मानव र गैरमानव दुवै जीव उत्तिकै क्षमतावान छन् । यस अर्थमा मानवअधिकारको अवधारणा एकाङ्गी छ ।

### विभाजनमुखी पद्धति

मानवअधिकारको अवधारणा शास्त्रीय चिन्तनको उपज हो । यसमा पाश्चात्य विज्ञानको एरिस्टोटलियन परम्पराले काम गरेको छ । एरिस्टोटल भन्थे रे- संसार 'विपरीत तत्व' ले बनेको छ । 'विपरीत तत्व' आपसमा कहिल्यै मिल्न सक्दैनन् । जस्तो कि, अँध्यारो र उज्यालो बीचमा कहिल्यै मिलन हुँदैन । मानिसले जीवनमा 'विपरीत तत्व' मध्ये कुनै एकलाई स्वागत र अर्कोलाई निषेध गर्नुपर्दछ । प्रकृतिले बिमारी पैदा गर्दछ, त्यसकारण प्रकृतिसँग लड्नुपर्दछ । प्रकृतिमाथि विजय हासिल गर्नुपर्दछ ।

'पुनर्जागरणकाल' का दार्शनिक रेने डेकार्टले एरिस्टोटलको यही पद्धति पक्रिएर मन र शरीर (माइण्ड र म्याटर) को विभाजन गरे । उनको विचारमा मन भनेको 'सोच्ने अंग' (थिंकिंग थिंग) र शरीर भनेको 'विस्तारित अंग' (एक्सटेन्डेड थिंग) हो । यी दुई आपसमा स्वतन्त्र र अलग चिज हुन् । केही समयपछि अर्का वैज्ञानिक सिमोन लाप्लासले 'वैज्ञानिक निर्धारणवाद' को सिद्धान्त ल्याए । उनले हरेक परिघटनालाई कार्य र कारणमा विभाजन गर्न सकिन्छ भने । यसैलाई 'वैज्ञानिक निर्धारणवाद' को सिद्धान्त भनियो । यो सिद्धान्तले हरेक परिघटनालाई कार्य र कारणमा, प्रधान र गौणमा विभाजन गर्न सिकायो । प्रधान भन्नाले कारण तत्व र गौण भन्नाले कार्य तत्व ।

यस प्रकारको विभाजनमुखी पद्धतिले समग्र चिन्तन प्रणालीलाई नै एकांगी बनाइदियो । तब 'समग्र' बाट 'अंश' को विभाजन, ब्रह्माण्डबाट कणको विभाजन, पदार्थबाट चेतनाको विभाजन, शरीरबाट मनको विभाजन, 'स्थान' बाट 'समय' को विभाजन गर्ने परम्परा विकास भयो । यस्तै चिन्तन पद्धति सामाजिक क्षेत्रमा विस्तार हुँदा लोक र नायक, व्यक्ति र समाज, वर्ग र जाति, नैतिकता र अनैतिकता, सुशासन र कुशासन, राष्ट्र र अन्तर्राष्ट्र आदि तत्वका बीच विभाजन ल्याउने परम्परा विकास भयो । यस्तै परम्पराले मानव र गैरमानवबीच पनि विभाजन पैदा गर्‍यो । मानवलाई प्रधान, उत्कृष्ट र क्षमतावान मानियो । गैरमानवलाई गौण, निकृष्ट र क्षमताहीन मानियो । मानवअधिकारको अवधारणा यस्तै चिन्तन पद्धति भित्रबाट पैदा भयो ।

आजको विज्ञानले यो कुरा मान्दैन । आधुनिक विज्ञान भन्छ- प्रकृतिमा विभाजन छैन, अन्तरसम्बन्ध छ । मानिस स्वयं प्रकृति हो । मानिसको प्रकृतिसँगको सम्बन्ध संघर्षको होइन, सहकार्यको हो । प्रकृतिका कुनै पनि तत्व 'स्वतन्त्र' छैनन् । प्रकृतिमा देखिने जस्तोसुकै विविधतालाई 'विपरीत तत्व' मान्न मिल्दैन । ती सबै परिपूरक र अन्तरसम्बन्धित छन् । पदार्थ र चेतना, सजीव र निर्जीव, शरीर र मन, कण र तरंग, समग्र र अंश, ब्रह्माण्ड र परमाणु, मानव र गैरमानव आदि सबै तत्व परिपूरक सञ्जालमा बाँधिएका छन् । यस कारण यो संसारमा मानवजाति मात्रको भलो हुने कुनै उपाय छैन । भलो हुँदा सबैको हुन्छ । कुभलो हुँदा पनि सबैको हुन्छ । मानव जातिको भलो गर्ने हो भने गैरमानवको पनि भलो सोच्नुपर्‍यो । गैरमानव जातिको भलो नसोच्ने हो भने मानव जातिको पनि कुभलो नै हुन्छ । यसको सार, मानवअधिकारको धारणा एकाङ्गी छ । हामीले एकाङ्गी होइन, सर्वाङ्गी बन्नुपर्दछ ।

### विकल्प : जैविक अधिकार

'मानवअधिकार' अवधारणाको विकल्प 'जैविक अधिकार' को अवधारणा हो । 'जैविक अधिकार' को पहिलो अर्थ, अधिकारको धारणा प्रकृतिका सबै तत्वका लागि सान्दर्भिक छ भन्ने हो । दोस्रो, संसारलाई पदार्थ र चेतना, सजीव र निर्जीव, मानव र गैरमानव भनेर भेद गर्नु सान्दर्भिक छैन, सबै चिज सचेतन र जिउँदो छन् भन्ने हो । तेस्रो, अब 'मानवअधिकार' र 'गैरमानवअधिकार' का कुरालाई विना भेदभाव एकै दस्तावेजमा समेट्नुपर्दछ भन्ने हो ।

'जैविक अधिकार' को अवधारणाले 'मानवअधिकार' र 'गैरमानवअधिकार' को धारणालाई परिपूरक मान्दछ । मानवअधिकारको साथमा पशुको अधिकार, पक्षीको अधिकार, खोलाको अधिकार, हिमालको अधिकार, जंगलको अधिकार, हावाको अधिकार, पानीको अधिकार, माटोको अधिकार आदि धारणालाई अभिन्न मान्दछ ।अब हामीले अधिकार सम्बन्धी प्रचलित अवधारणा सच्याउनुपर्दछ । विश्व सम्मेलनद्वारा 'मानवअधिकार'को अवधारणालाई 'जैविक अधिकार' को धारणाले प्रतिस्थापित गर्नुपर्दछ । 'जैविक अधिकार' का वैश्विक मापदण्ड र सूचक निर्धारण गर्नुपर्दछ । यसका मुलुकसापेक्ष अलग-अलग मापदण्ड र सूचक पनि निर्धारण गर्नुपर्दछ । तब मात्र मानव र गैरमानव दुवैको भलो हुन्छ ।

*(साभार: अनलाइखबर)*

# आईकाओको उच्च स्कोर पाएकै वर्ष ठूलो हवाई दुर्घटना, कालोसूचीबाट हट्ला नेपाल ?

काठमाडौँ/नेपालले हालैमात्र इतिहासमै पहिलो पटक हवाई सुरक्षा मापदण्डमा उच्च अङ्क प्राप्त गरेको थियो । सन् २०२२ को अप्रिल १३ देखि अप्रिल २५ सम्म अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ) ले गरेको हवाई सुरक्षा अडिटमा नेपालले ७०.१ प्रतिशतको उच्च स्कोर पाएको हो ।

जबकि अघिल्लो पटक नेपालको हवाई सुरक्षा स्कोर ६६.७६ प्रतिशत रहेको थियो । आईकाओको विश्व औसत परिपालना दर (इफेक्टिभ इम्लिमेन्सन रेट) ६७.२ प्रतिशत र एसिया प्रशान्त क्षेत्रको औसत परिपालना दर ६१.४ प्रतिशत हुँदै गर्दा नेपालले अधिकतम ७०.१ प्रतिशत अंकभार प्राप्त गरेपछि नेपाली उड्डयन जगत् हर्षित हुन पुगेको थियो ।

हवाई सुरक्षामा उत्कृष्ट अङ्क आउँदै गर्दा नेपालले एक दशकअघिदेखि भोग्दै आएको युरोपियन युनियन (ईयू)को कालोसूचीबाट समेत हट्ने अपेक्षा गरेको थियो । तर, यसै वर्ष नै विश्व हवाई जगतलाई नै त्रसित पार्ने गरी नेपालमा अर्को ठुलो हवाई दुर्घटना घटेपछि नेपालको आशामा ठुलो धक्का लागेको छ ।




**एकै वर्ष दुई ठूला हवाई दुर्घटना, ९४ जनाको मृत्यु**

गत वैशाखमा मात्र पोखराबाट जोमसोम उडेको तारा एयरको ९ एनएईटी विमान दुर्घटनामा परेको थियो । प्रतिकुल मौसमका कारण दुर्घटनामा परेको विमानमा सवार २२ जनाको नै मृत्यु हुन पुगेको थियो ।

यसको ८ महिना पनि पुरा हुन नपाउँदै नेपाली आकाशमा पुन: अर्को ठुलो विमान दुर्घटना हुन पुगेको छ । आइतबार बिहान १०:३२ बजे काठमाडौँदेखि पोखराका लागि ६८ यात्रु बोकेर उडेको यती एयरलाइन्सको ९एन-एएनसी एटीआर ७२ विमान गन्तव्यमा नपुग्दै सेती खोचमा दुर्घटनाग्रस्त बन्न पुग्यो । विमानमा सवार ४ जना चालक दलका सदस्यसहित ६८ जना यात्रुहरूकै मृत्यु हुन पुगेको छ । यो नै नेपाली आकाशमा घटेको हालसम्मको ठुलो डोमेस्टिक विमान दुर्घटना हो ।

एकैपटक ७२ जनाको मृत्यु हुने गरी भएको यो हवाई दुर्घटनाले नेपाली हवाई सुरक्षामाथि प्रश्न मात्र उठाएको छैन कालोसूचीबाट हट्ने कुरा अब के हुन्छ भन्ने प्रश्न उब्जाएको छ । त्यसो त यी दुई विमान मात्र होइन दुई दशकको अवधिमा नेपाली आकाशमा यस्ता तीन दर्जन हाराहारीमा विमान दुर्घटना भइसकेका छन् भने ६ सयभन्दा बढीले ज्यान गुमाएका छन् ।

**समग्रमा दुर्घटनाले रिजल्टमा असर पार्दैन : निरौला**

नेपाल नागरिक उड्डयन प्राधिकरणले काठमाडौँ-पोखरा उडानमा रहेको यती एयरलाइन्सको दुर्घटनाले आईकाओ रिजल्टमा खासै असर नपार्ने जनाएको छ । दुर्घटनाले सामान्य अङ्क गणितमा प्रभाव पर्ने भए पनि त्यसले समग्र रिजल्टमा प्रभाव नपर्ने प्राधिकरणका प्रवक्ता जगनाथ निरौलाले बताए ।

'रिजल्ट सग्रमा हेर्ने हो, एक दुई वटा घटनामा होइन । यसै वर्षको आईकाओको अडिटले नेपालको हवाई सुरक्षा अन्तर्राष्ट्रिय स्तरमा उच्च स्कोरमा नै रहेको देखाइसकेको छ । यसले अब नेपाल ईयूको ब्ल्याक लिस्टबाट हट्नेमा कुनै द्विविधा छैन' निरौलाले भने, 'सन् २०२३ को अप्रिलसम्ममा पूर्णत: नेपाल ईयूको कालो सूचीबाट हटिसकेको हुनेछ ।'

आईकाओको गत अप्रिल १३ देखि २५ सम्मको अडिट रिपोर्ट ईयूको सेक्युरिटी काउन्सिलमा पेस हुँदैछ । काउन्सिलले पास गरे नेपाल ब्ल्याक लिस्टबाट हट्नेछ । सन् २०२३ को फेब्रुअरी मार्चमा ईयूको सेक्युरिटी काउन्सिलमा अडिट रिपोर्ट पेस भइसक्ने र अप्रिल अन्तिमसम्म रिजल्ट आउने प्रवक्ता निरौलाले बताए ।

सन् २०१३ मा पहिलो पटक नेपाली हवाई उड्डयन क्षेत्र कालो सूचीमा परेको थियो । आईकाओको अफसाइट अडिटमा नेपालको हवाई सुरक्षा स्कोर ग्लोबल औसत परिपालना दरभन्दा तल आएपछि आईकाओले सिग्निफिकेन्ट सेफ्टी कन्सर्न (एसएससी) जारी गरेको थियो । जसका कारण नेपाली हवाई क्षेत्रलाई ईयूले कालो सूचीमा राखेको थियो ।

तर, सन् २०१७ को अडिट रिपोर्टपछि आईकाओले नेपाललाई एसएससीबाट हटाइसकेको छ । हवाई सुरक्षामा नेपालले स्तर सुधार गरेसँगै आईकाओले एसएससीबाट हटाए पनि अझै ग्लोबल औसत रेन्जमा कम नै रहेकाले ईयूले सूचीबाट हटाउन मानेको छैन । तर, पछिल्लो आईकाओको रिपोर्टले भने ब्ल्याक लिस्टबाट शत प्रतिशत हट्नेमा प्राधिकरणको विश्वास छ ।

*(रातोपाटीबाट)*

# कुन दललाई कति मन्त्रालय ? यस्तो छ भागबन्डा

काठमाडौँ/सत्ता गठबन्धनको बैठकले मन्त्रालयको भागबन्डा टुंग्याएको छ । गठबन्धनको बालुवाटारमा करिब पाँच घण्टा बसेको बैठकले दलहरुले पाउने मन्त्रालयको टुंगो लागाएको हो ।

एमालेले ८, माओवादीले ४, राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपाले ३/३ र जनमत पार्टीले १ मन्त्रालय लिने सहमति भएको छ । जसपालाई दिने मन्त्रालयबारे टुंगो लागेको छैन । जसपाले तीन मन्त्रालय दाबी गरेपछि सहमति नभएको हो । नागरिक उन्मुक्ति पार्टीले संस्थापक नेता रेशम चौधरीको रिहा हुने व्यवस्था नभएसम्म सरकारमा नजाने अडान लिएको छ ।

'केही मन्त्रालयय टुंगिएको छ, बाँकी मंगलबार बिहान छलफल गरी अन्तिम रुप दिइनेछ' बालुवाटार स्रोतले भन्यो, 'अन्तिम टुंगो भने मंगलबार मात्र हुनेछ ।' स्रोतका अनुसार माओवादीले स्वास्थ्य, संचार तथा प्रविधि र भूमिसुधार पाउने अनौपचारिक सहमति भए पनि त्यसमा हेरफेर हुने संभावना छ । एमाले एमालेले रक्षा, परराष्ट्र, संस्कृति, पर्यटन तथा नागरिक उडयनलगायत मन्त्रालय लिने छ । एमालेले दुई राज्यमन्त्रीसहित ८ मन्त्रालय लिने सहमति भएको स्रोतले जनाएको छ ।



राष्ट्रिय स्वतन्त्र पार्टीले उपप्रधान तथा गृह, शिक्षा र श्रम मन्त्रालय पाउने भएको छ । उपसभामुख पनि स्वतन्त्र पार्टीलाई दिने सहमति भएको केन्द्रीय सदस्य तथा उपप्रधानमन्त्री रवि लामिछानेको सचिवालयक संयोजक दीपक बोहराले जानकारी दिए । 'हामीले उपप्रधान, गृह, शिक्षा, श्रमका साथै एक राज्यमन्त्री पाउने निश्चित भएकोछ' उनले भने, 'उपसभामुख पनि हाम्रो पार्टीबाट हुनुहुनेछ ।' प्रतिनिधिसभामा २० सिट भएको रास्वपाले सरकारमा महत्वपूर्ण मन्त्रालय र संसदमा उपसभामुख पाएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले उपप्रधान तथा उर्जा, जलस्रोत तथा सिंचाइ र अरु दुई मन्त्रालय पाउने भएको छ । पार्टीको नेतृत्व गर्दै अध्यक्ष राजेन्द्र लिङ्देन उपप्रधान तथा उर्जा मन्त्रीको रुपमा सरकारमा जानेछन् । राप्रपाले सहरी विकास र खेलकुद मन्त्रालय दाबी गरेको छ । जनमतले भने उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय दाबी गरेको छ । सत्ता गठबन्धनले मंगलबार बिहान बैठक गरी मन्त्रालय भागबन्डामा थप समीक्षा गर्नेछ । दलहरुले मन्त्रीको नाम शपथग्रहण गर्नु अघि दिने जानकारी प्रधानमन्त्रीलाई दिएका छन् । त्यसपछि मन्त्रीको शपथ दिउँसो एक बजे हुनेछ । प्रधानमन्त्री निवास बालुवाटार बैठकपछि उपप्रधानमन्त्री रवि लामिछानेले मन्त्रालयको बाँडफाँट टुंगिएको बताए पनि कसले कुन मन्त्रालय पाएको औपचारिक खुलाएनन् ।

'कुन-कुन मन्त्रालयले कुन-कुन दलले लिने विषयमा मन्त्रालयको बाँडफाँट टुङ्गिएको छ,' लामिछानेले भने,' मंगलबार १ बजे नयाँ मन्त्रीहरुको शपथग्रहण हुनेछ ।' उनले मंगलबार नै मन्त्रीहरुको नामसहित भागबन्डाको विवरण सार्वजनिक गरिने बताए । 'केही मिलाउनुपर्ने भएकाले भोलि शपथ अघि पनि कुरा हुन्छ' लामिछानेले भने । उनले मन्त्रीहरूको शपथपछि मंगलबार अपरान्ह ४ बजे सर्वदलीय बैठक बस्ने बताए ।

# यतीको दुर्घटना लगत्तै नेपालका सबै एटीआर जहाजको परीक्षण, भेटिएन त्रुटि

काठमाडौँ/यती एयरलाइन्सको आइतबार भएको दुर्घटना लगत्तै नेपालमा उड्ने सबै एटीआर जहाजको विस्तृत प्राविधिक परीक्षण गरिएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार यसरी गरिएको परीक्षणबाट कुनै पनि वायुयानमा त्रुटि फेला नपरेको प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले जानकारी दिए । उनका अनुसार पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिकै भएको आइतबारको दुर्घटना लगत्तै प्राधिकरणका उडान सुरक्षा निरीक्षकहरुले नेपालमा सञ्चालित सबै एटीआर-४२ र एटीआर-७२ जहाजको विस्तृत प्राविधिक परीक्षण गरिएको छ ।

नेपालका सबै वायुसेवा कम्पनीबाट नियमित उडान योग्यताका लागि चाहिने दैनिक परीक्षण, उडानपूर्व गरिने परीक्षण, निश्चित अन्तरालमा गरिने परीक्षण जस्ता कामहरु अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको मापदण्ड तथा सिफारिस र वायुयान निर्माता कम्पनीको मापदण्ड अनुसार हुने गरेको समेत निरौलाले जनाएका छन् । दुर्घटनालगत्तै बसेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले सबै जहाजको परीक्षण गर्न प्राधिकरणलाई निर्देशन दिएको थियो ।



**सामाजिक सञ्जालमा भाइरल फुटेज आइतबारको दुर्घटनाको होइन**

आइतबार यती एयर लाइन्सको जहाज दुर्घटनाका बेला खिचिएको भन्दै भाइरल भइरहेको एक भिडियो उक्त दुर्घटनासँग सम्बन्धित नभएको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । प्राधिकरणका प्रवक्ता निरौलाले उक्त भिडियो अन्य कुनै जहाजको भएको बुझिएको बताए । 'यस घटनालाई जोडेर भ्रम फैलाउने हिसाबले कसैले गलत सूचना सम्प्रेषण गरेको देखिन्छ' उनले भने ।

प्राधिकरणले स्वतन्त्र र निष्पक्ष छानबिनको लागि नेपाल सरकारले जाँचबुझ समिति गठन गरिसकेको भन्दै विमान दुर्घटना सम्बन्धी घटनालाई जोडेर कुनैपनि व्यक्ति, संस्था, सम्बन्धित निकाय र पूर्व कर्मचारीलाई जथाभावी नबोल्न समेत भनेको छ ।

प्रवक्ता निरौलाले छानबिन समितिले यसको स्वतन्त्र र निष्पक्ष अनुसन्धान गरेर रिपोर्ट बाहिर ल्याउने भन्दै घटनाका विषयमा अड्कल अनुमान गर्नु वाञ्छनीय नहुने बताए । उनले कोही पनि व्यक्तिले आफ्नो अनुमानको भरमा विज्ञता दर्शाउनुपर्ने आवश्यकता नरहेको बताए ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले प्रकाशन गरेको प्रेस विज्ञप्ती र प्राधिकरणका बहालवाला आधिकारिक व्यक्तिबाट प्रशारित समाचार बाहेक अरुलाई विश्वास नगर्न र त्यस प्रकारका खण्डनहरुलाई विश्वास नगरी प्राधिकरणका सत्यतथ्य सूचनाहरु जानकारीमा राख्न प्रवक्ता निरौलाले आग्रह गरे ।

# यती विमान दुर्घटनाको क्षति मूल्यांकन गर्न विदेशी टोली नेपालमा



काठमाडौं/आइतबार पोखरामा भएको यती एअरलाइन्सको विमान दुर्घटनाको क्षति मूल्याङ्कन गर्न बीमा सर्भेयर र कानून व्यवसायीहरूको टोली नेपाल आइपुगेको छ ।

क्षतिग्रस्त सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्नका लागि सर्भेयर टोली सिंगापुर र कानूनी व्यवसायीको टोली भारतबाट सोमबार काठमाडौं आइपुगेको नेपाल बीमा प्राधिकरणका प्रवक्ता राजु रमण पौडेलले जानकारी दिए । बीमा दलाल (ब्रोकर) का रूपमा रहेको बेलायतको कम्पनीले सिंगापुर बाट सर्भेयर खटाएको उनको भनाइ छ ।

दुर्घटनामा परेका यात्रुको बीमा दाबी भुक्तानीका लागि कुनै समस्या नहुने पनि पौडेलले जानकारी दिए । 'बीमा गरेको कम्पनीले पनि अर्को कम्पनीमा पुनर्बीमा गरेको हुन्छ । पुनर्बीमाबाट पैसा आएपछि बीमा कम्पनीबाट भुक्तानी भइहाल्छ । मृतकको पोस्टमार्टम रिपोर्टका आधारमा बीमा रकम भुक्तानी हुन्छ', उनले भने ।

सोमबार सिंहदरबारमा बसेको राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले हवाई दुर्घटनामा परेका यात्रुका परिवारलाई बीमा भुक्तानीका सहजीकरण गर्न निर्देशन दिएको पनि प्रवक्ता पौडेलले जानकारी दिए । बीमा दाबी भुक्तानीबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले पनि चासो राखेको उनको भनाइ छ ।

'राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले बीमा भुक्तानीबारे चासो राखेको थियो । बीमा रकम भुक्तानीका लागि पोस्टमार्टम रिपोर्ट चाहिने भएकाले पोखरा र काठमाडौँबाट रिपोर्ट लिन सकिने भनिएको छ । दाबी भुक्तानीमा समस्या नहुने जानकारी हामीले समितिलाई गराएका छौँ', प्रवक्ता पौडेलले भने ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार हवाइयात्रुको २० हजार अमेरिकी डलर बराबरको बीमा गरिएको हुन्छ । चालकदलका सदस्यको भने एअरलाइन्स कम्पनी अनुसार फरक-फरक हुने प्राधिकरणले जनाएको छ ।

आइतबार दुर्घटनामा परेको यती एअरलाइन्सको हवाइजहाजमा सवार चार जना चालक दल र ६८ जना यात्रु सबैको मृत्यु पुष्टि भइसकेको छ ।

# 'स्ववियु निर्वाचनमा वास्तविक विद्यार्थीलाई नेतृत्व गर्न दिनुपर्छ'

काठमाडौं/नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले अनेरास्ववियुले स्ववियु निर्वाचनमा वास्तविक विद्यार्थीलाई नेतृत्व गर्न दिनुपर्ने बताएका छन् ।

सोमबार अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनले काठमाडौंमा आयोजना गरेको स्ववियु निर्वाचन विशेष प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव पोखरेलले आगामी स्ववियु निर्वाचनमा वास्तविक विद्यार्थीलाई नेतृत्व हस्तान्तरण गर्न विद्यार्थी नेताहरुलाई आग्रह गरेका हुन् ।



उनले हालसम्म विद्यार्थीको नेतृत्व गरिरहेका नेताहरुले नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नुपर्ने बताए । उनले वास्तविक विद्यार्थीले मात्रै स्ववियु र विद्यार्थीहरूको नेतृत्व गर्नसक्ने भन्दै वास्तविक विद्यार्थीलाई अगाडि बढाउनुपर्नेमा जोड दिए । महासचिव पोखरेलले अनेरास्ववियुलाई अर्ग्यानिक अनेरास्ववियु बनाउन निर्देशन दिए ।

महासचिव पोखरेलले सामाजिक सञ्जालले समाजलाई अराजकतातिर लैजान थालेको बताए । सामाजिक सञ्जालले समाजलाई परिवर्तनको बाटोतर्फ लैजान नसक्ने भन्दै उनले यसले उदार पुँजीवाद र दलाल नोकरशाहलाई प्रवर्द्धन गर्ने बताए । उनले एमाले नेतृत्वको सरकार हुँदा सडकमा नागरिक आन्दोलनको नाममा आन्दोलन हुने गरेको उल्लेख गर्दै बुर्जुवाहरुले सरकारको नेतृत्व गर्दाभने नागरिक आन्दोलन सुतेर बस्ने गरेको टिप्पणी गरे । उनले नागरिक आन्दोलनको नाममा जनताको वास्तविक अधिकारलाई स्थापित हुनबाट रोक्ने प्रपञ्च गरिएको उल्लेख गरे ।

महासचिव पोखरेलले मुलुकको अर्थतन्त्रलाई माथि लैजानसक्ने सामर्थ्य एमालेसँग मात्रै रहेको दाबी गरे । उनले एमालेले नै नेपालमा लोडसेडिङको अन्त्य गरेको बताए । एमालेले बनाएको उज्यालो नेपालको योजना अर्कैले अपहरण गरेको उनको भनाई छ । एमालेले देशको विकास र समृद्धिमा धेरै ठूलाठूला काम गरेको भएपनि ती कामहरुलाई जनताको बीचमा स्थापित गराउन नसकेको उनले बताए ।

उनले मुलुकमा धेरै राजनीतिक दलहरू हुँदा अस्थिरता हुने भन्दै स्थिरताका लागि बलियो राष्ट्रिय शक्ति आवश्यक रहेको बताए ।

# विमान दुर्घटनाको विषयलाई लिएर अनावश्यक नबोल्न प्राधिकरणको निर्देशन

काठमाडौँ/नेपाल नागरिक उड्डयन प्राधिकरणले विमान दुर्घटनाको विषयलाई लिएर अनावश्यक नबोल्न निर्देशन दिएको छ । प्राधिकरणले स्वतन्त्र र निष्पक्ष छानबिनको लागि नेपाल सरकारले जाँचबुझ समिति गठन गरिसकेको भन्दै विमान दुर्घटनासम्बन्धी घटनालाई जोडेर कुनैपनि व्यक्ति, संस्था, सम्बन्धित निकाय र पूर्व कर्मचारीहरुलाई नबोल्न निर्देशन दिएको हो ।

प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले छानबिन समितिले यसको स्वतन्त्र र निष्पक्ष अनुसन्धान गरेर रिपोर्ट बाहिर ल्याउने भन्दै घटनाका विषयमा अड्कल अनुमान गर्नु वाञ्छनीय नहुने बताए । उनले कोही पनि व्यक्तिले आफ्नो अनुमानको भरमा विज्ञता दर्शाउनुपर्ने आवश्यकता नरहेको बताए । उनले जाँचबुझ समितिले घटनाको स्वतन्त्र र निष्पक्ष सत्यतथ्य बाहिर ल्याउने बताए ।

प्रवक्ता निरौलाले नेपाल नागरिक उड्डयन प्राधिकरणले प्रकाशन गरेको प्रेस विज्ञप्ति र प्राधिकरणका बहालवाला आधिकारिक व्यक्तिबाट प्रशारित समाचारहरु बाहेक अरुलाई विश्वास नगर्न र त्यस प्रकारका खण्डनहरुलाई विश्वास नगरी प्राधिकरणका सत्यतथ्य सूचनाहरु जानकारीमा राख्न आग्रह गरे ।

आईतवार बिहान १०:३२ बजे त्रिभुवन विमानस्थलबाट पोखराका लागि उडेको यती एयर लाइन्सको कल साइन नाइनएन एएनसी फ्लाइट नम्बर ६९१ एटीआर ७२ जहाज करिव ११ बजेको आसपासमा पोखरा विमानस्थलबाट २ किलोमिटरको नजिककमा सेती नदीको खोचमा दुर्घटनाग्रस्त भएको थियो । ७२ जना सवार विमानमा अहिलेसम्म ६९ मृत शरीर जम्मा गरिएको छ भने ३ जनाको खोजी कार्य जारी रहेको छ ।

मृतकको पोस्टमार्टमका लागि गण्डकी अस्पतालमा राखिएको र ४१ जनाको अहिलेसम्म पहिचान खुलेको प्राधिकरणले जनाएको छ । जहाजको ब्ल्याक बक्स फेला परिसकेको र काठमाडौं ल्याइ जाँचबुझ समितिलाई बुझाउने तयारी रहेको प्राधिकरणले बताएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा
"तपाईं, हामी सबैको कुरा"
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# बेलायत पुगेका बागमतीका पूर्वमन्त्री पौडेल निगरानीमा

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/एक कार्यक्रममा सहभागी हुन बेलायत पुगेका बागमती प्रदेश सरकारका निवर्तमान भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम पौडेल निगरानीमा परेका छन् ।



बेलायतस्थित अध्यागमन प्रहरीको निगरानीमा पौडेल परेका हुन् । बेलायत आउनका लागि प्रयोजन (स्पोन्सर) गरेका सम्बन्धित संस्थाले नै भिषा आवेदन रद्द गर्न दिल्लीस्थित ब्रिटिस हाइकमिशनलाई पत्राचार गरेपछि निवर्तमान मन्त्री पौडेलसहित उनका पत्नी बेलायतको अध्यागमनको निगरानीमा परेका छन् । गैर-आवासीय नेपाली संघ (एनआरएनए) बेलायतका अध्यक्ष प्रेम गाहामगरले गत ३ जुलाई २०२२ मा ब्रिटिश हाइ कमिसनलाई सम्बोधन गर्दै मन्त्री पौडेल र उनकी श्रीमती कृष्णकुमारी पौडेललाई आफ्नो संस्थाले प्रायोजन गरी निमन्त्रणा गरेकाले भिसा दिन अनुरोध गरेका थिए ।

गत ६ अगस्ट २०२२ मा निर्धारित संघको वार्षिक साधारण सभामा पौडेल दम्पतीलाई बोलाइएको थियो । कभरिङ लेटरमा उनीहरु ४ अगस्टमा लन्डन आइपुग्ने र ११ अगस्टमा फर्कने जनाइएको थियो । तर पौडेल १५ डिसेम्बरमा आएर संस्था फुटाउने समूहको पक्षपोषण गर्दै संस्थाविरुद्ध गतिविधि गरेको भन्दै अध्यक्ष प्रेम गाहामगरले भिषा रद्दका लागि ब्रिटिस हाइकमिशनमा निवेदन दिएपछि पौडेल दम्पती अध्यागमनको निगरानीमा परेका छन् । गैर-आवासीय नेपाली संघ (एनआरएनए) बेलायतले जुन कार्यक्रमका लागि बोलाएको थियो, त्यो कार्यक्रम सकिइसकेको र आमन्त्रित अतिथिले प्रायोजकको मर्यादासमेत भुलेर अवैधानिक समूहको पक्षपोषण गर्न लागेको थाहा पाएपछि गैर-आवासीय नेपाली संघ (एनआरएनए) बेलायत अध्यक्ष प्रेम गाहामगरले उनीहरुको भिसा आवेदन रद्द गरिदिन २६ अगस्ट २०२२ मा दिल्लीस्थित ब्रिटिश हाइकमिसनलाई पत्राचार गरेका थिए ।

जवाफमा ब्रिटिश हाइकमिसनले उनीहरुलाई अरु कुनै कार्यक्रममा बोलाउने भए पुनर्विचार गर्ने बताउँदा गाहामगरले अहिले त्यस्तो कुनै कार्यक्रम नभएको बताएका थिए । तर, पौडेल दम्पतीले गैर-आवासीय नेपाली संघ (एनआरएनए) बेलायतका नाममा छुट्टै गतिविधि गरिरहेको एक समूहले अवैधानिक तवरबाट गत १८ अक्टोबरमा गरेको कार्यक्रमका लागि भन्दै नक्कली कागजात राखेर उनीहरु तीन साताअघि बेलायत उत्रिएपछि 'बोर्डर फोर्स टर्मिनल ४' लाई खबर गरेर पौडेल दम्पत्तीलाई डिपोर्ट गर्ने प्रक्रिया बढाइएको श्रोतले बताएको छ ।

बेलायतमा नक्कली कागजात राखेर आवेदन दिएको प्रमाणित भए सरकारले १० वर्षसम्म यहाँ आउन प्रतिबन्ध लगाउन सक्छ । पौडेल बेलायतको नेपाली समाज विभाजनमा उद्दत रहेकाले फिर्ता पठाउन लागि यस्तो कदम चालिएको गैर-आवासीय नेपाली संघ (एनआरएनए) बेलायतका अध्यक्ष प्रेम गाहामगरले बताए । लन्डन आएपछि पौडेल दम्पती गैर-आवासीय नेपाली संघ (एनआरएनए) बेलायतबाट फुटेर गएका समूहले गरेको कार्यक्रममा सहभागी भएका थिए ।

# सहकारी अस्पतालमा मिर्गौलाको पत्थरीको सफल शल्यक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ हेटौंडा-१ स्थित मकवानपुर सहकारी अस्पतालमा मिर्गौलाको पत्थरीको सफल शल्यक्रिया भएको छ ।

अस्पतालले आइतबार एकजना विरामीको मिर्गौलाको पत्थरीको सफल शल्यक्रिया गरेको हो । अस्पतालले अत्याधुनिक प्रविधि भित्रिएसँगै मिर्गौलाको पत्थरीको हेटौंडामै उपचार सम्भव भएको छ । करिब एक करोड रुपैयाँ लगानी गरी परक्युटानियस नेफ्रोलिथोटोमी प्रविधिको उपकरण भित्र्याएसँगै भरतपुरका विशेषज्ञ चिकित्सकलाई बोलाएर आइतबार एकजना विरामीको मिर्गौलाको पत्थरीको सफल शल्यक्रिया गरिएको छ ।

पाइपको माध्यमबाट दुरबीनमार्फत मिर्गौलामा रहेको पत्थरी निकालिएको हो । भरतपुर क्यान्सर अस्पतालमा कार्यरत युरो सर्जन डा. बिनोद बाबु घर्तीले आइतबार मकवानपुर सहकारी अस्पतालमा मकवानपुरको मकवानपुर गढी गाउँपालिका-४ का ३० वर्षीय दीपक घिमिरेको मिर्गौलाको पत्थरीको सफल शल्यक्रिया गरेका हुन् । अत्याधुनिक प्रविधिको प्रयोगले सहजै शल्यक्रिया सम्भव भएको डा. घर्तीको भनाइ छ । मकवानपुर सहकारी अस्पतालले अत्याधुनिक प्रविधि भित्र्याएर एक महिनादेखि साताको एक दिन मिर्गौला तथा मुत्रनलीसम्बन्धी समस्या भएका विरामीको स्वास्थ्य परीक्षण गर्दै आएको छ ।

काठमाडौं र भरतपुरमा यो प्रविधि प्रयोगमा आएको झण्डै दुई दशक भइसक्दा मकवानपुरमा भने पहिलो पटक यस्तो प्रविधि भित्रिएको डा. घर्तीको भनाइ छ । स्वास्थ्य सेवाको क्षेत्रमा विकसित अत्याधुनिक प्रविधि खरिद गर्नुभन्दा पनि त्यसको उपयोग गर्ने जनशक्ति व्यवस्थापन मुख्य चुनौती भएको डा. घर्ती बताउँछन् ।

मकवानपुर जिल्लाको स्वास्थ्य सेवाको क्षेत्रमा सुधार गर्नकै लागि मकवानपुर सहकारी अस्पतालले झण्डै एक करोडको लागतमा अत्याधुनिक उपकरण भित्र्याएको मकवानपुर सहकारी अस्पतालका अध्यक्ष विष्णुगोपाल महर्जनले बताए । चितवन जिल्लामा विशेषज्ञ चिकित्सक रहनुभएकोले सातामा एकपटक परीक्षण र चिकित्सकको समयअनुकुलमा शल्यक्रिया गर्ने गरी व्यवस्था मिलाइएको अध्यक्ष महर्जनको भनाइ छ ।

# हेटौंडामा मनाइयो माघी महोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/थारु जातिको महान् पर्व माघीको अवसरमा हेटौंडामा पाँचौ माघी महोत्सव आयोजना गरिएको छ ।




हेटौंडामा विगत पाँच वर्षदेखि माघी महोत्सव मनाउने क्रम चलिरहेको छ । हेटौंडामा थारु समुदायहरुको बसोबास बढ्दै जानुले माघी महोत्सवको रौनकता पनि बढेको हो । हेटौंडा-९, स्थित एचआइडी खेल मैदानमा भएको पाँचौ थारु माघी महोत्सवमा झाँकी, नाचगान, शुभकामना आदनप्रदानसँगै थारुको परिकारहरु र गहनाको स्टलहरु राखिएको थियो । महोत्सवमा घुंगीको बिशेष परिकार, माछाको अचार, तिल र भुजाको लड्डु लगायतको खानेकुरा स्टलहरुमा बिक्रीका लागि राखिएको थियो । महोत्सवमा विशेष लौरी नृत्य, थारु युवक-युवती, महिला र विभिन्न समुहले थारु, नेपाली र हिन्दी गित गायन तथा नृत्यसँगै थारुको कला, पोशाक, गहना, घरेलु सामग्रीहरु प्रस्तुत गरेका थिए ।

'थारु संस्कृतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा हाम्रो अभियान, न्याय, समानता र अधिकारका लागि हाम्रो आन्दोलन' भन्ने नाराका साथ माघी महोत्सव मनाईएको हो । जिल्ला समन्वय समिति मकवानपुर का प्रमुख ललित घलानको प्रमुख आतिथ्य तथा पाँचौ थारु माघी महोत्सव मूल आयोजक समितिका संयोजक एवं थारु कल्याणकारिणी सभा मकवानपुरका सभापति हरि लाल चौधरीको अध्यक्षतामा महोत्सव उद्घाटन गरिएको थियो । कार्यक्रममा थारु कल्याणकारिणी सभाकी केन्द्रीय सदस्य जानकी चौधरी र नेपाल आदिवासी जनजाती महासंघका मकवानपुर अध्यक्ष जंगबहादुर गुरुङको विशेष आतिथ्य रहेको थियो ।

कार्यक्रममा नेपाल मगर संघ बागमती प्रदेशका वरिष्ठ उपाध्यक्ष होमबहादुर राना मगर, किराँत राई या:योख्खा मकवानपुरका अध्यक्ष केबी राई, नेपाल तामाङ घेदुङका मकवानपुरका सचिव आत्माराम मोक्तान, दनुवार जागरण समिति मकवानपुरका सचिव कृष्ण बहादुर राई दनुवार, थारु कल्याणकारिणी सभा मकवानपुरका संस्थापक सचिव तथा नेपाल थारु संघ समाजवादीका केन्द्रीय अध्यक्ष शिवनाथ चौधरी लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा नेपाल मगर संघ मकवानपुरका अध्यक्ष सन्तोष तुम्सिङ मगर, थारु कल्याणकारिणी सभा मकवानपुरका संस्थापक सदस्य किशोर कुमार चौधरीलगायतको आतिथ्य रहेको थियो ।

माघी पर्व आदिवासी थारु समुदायको सबैभन्दा ठूलो चाड र नयाँ वर्ष पनि हो । यसपर्वमा थारुहरु आपसमा रमाइलो गर्ने, साथी-भाइबीच भातृत्व प्रेम तथा आदर सम्मान गर्ने गरिन्छ । नयाँ नीति नियम बनाउने, कार्यान्वयन गर्ने, नयाँ प्रतिवद्धता जनाउने तथा नयाँ कामको जिम्मेवारी बाँडफाँड गर्ने हुनाले यस पर्वलाई थारुले नयाँ वर्षको रुपमा मनाउने गर्दछन् ।

# लटरम्मेश्वर क्षेत्र विकासमा भीमफेदीको ४० लाख

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ पछिल्लो समय आन्तरिक पर्यटनमा चर्चा बटुल्दै आइरहेको भीमफेदी र बकैया गाउँपालिकाको सीमानामा रहेको लटरम्मेश्वर महादेवको मन्दिर क्षेत्र विकास लागि स्थानीय सरकार जुटेका छन् ।



भीमफेदी गाउँपालिका-८ र बकैया गाउँपालिका वडा नम्बर १२ को लटरम्मेश्वर मन्दिर क्षेत्रको विकासको लागि भीमफेदी गाउँपालिकाले ४० लाख रुपैयाँ विनियोजन गरेको छ । माघे संक्रान्ति मेलाको अवसरमा लटर म्मेश्वर परिसरमा भएको कार्यक्रममा बोल्दै भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले लटारम्मेश्वर मन्दिर क्षेत्रको विकासको लागि गाउँपालिकाले यो वर्ष ४० लाख बजेट विनियोजन गरेर काम अघि बढाएको बताए । लटारम्मेश्वर क्षेत्रमा आउने पर्यटक तथा भक्तजनको लागि खानेपानीको व्यवस्थापन, सार्वजनिक शौचालय निर्माण तथा बिजुलीको काम पहिलो चरणमा हुने उनको भनाई छ ।

१ हजार ८ सय ५६ मिटर अग्लो डब्लु डाँडामा रहेको लटारम्मेश्वर महादेवको मन्दिर क्षेत्रमा अहिले देश-विदेशको पर्यटकहरु आउने क्रम बढेको बन्दै उनले यस क्षेत्रलाई गाउँपालिकाले 'माष्टरप्लान' बनाएर काम अघि बढाएको बताए ।

लटारम्मेश्वर क्षेत्रले समग्र भीमफेदीको धार्मिक पर्यटन क्षेत्रलाई थप उस्तहित बनाएको उनको भनाई छ । लटारम्मेश्वर क्षेत्रमा आउने पर्यटकको लागि खान तथा बस्नको सुविधाको लागि गाउँपालिकाले यही क्षेत्रका स्थानीयहरुलाइ तालिम दिएर 'हामे स्टे' निर्माणमा सहयोग गर्ने उनले बताए ।

लटरम्मेश्वर मन्दिरमा यसवर्ष माघे संक्रान्ति भव्य तरिकाले मनाइएको छ । प्रत्येक वर्ष माघ १ गते लाग्ने मेलामा यस पटक करिब पाँच हजारको संख्यामा भक्तालुहरु मेला भर्न गएको भीमफेदी गाउँपालिका वडा नम्बर ८ का वडाध्यक्ष विष्णु लामाले जानकारी दिए । संक्रान्तिको अघिल्लो दिनबाट लाग्ने मेला भोलिपल्ट समापन भएको थियो ।

# थाहा गोल्डकपको सेमिफाइनल समीकरण पूरा



साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/थाहा नगरपालिकामा जारी चौथो थाहा गोल्डकप प्रतियोगिताअन्तर्गत् अन्तिम चारको छिनोफानो लागेको छ ।

इन्द्रायणी खेल मैदानमा भइरहेको गोल्डकप थाहा नगर पालिका खेलकुद विकास समितिको आयोजनामा भएको हो । माउन्टेन एफसी, तारुका एफसी, थाहा नगर पालिका तथा पारिजात स्पोर्ट्सले अन्तिम चारमा स्थान बनाएपछि सोमबार सेमिफाइनल समीकरण पूरा भएको हो ।

सोमबार भएको अन्तिम क्वाटरफाइनल खेलमा तारुका एफसीले चन्द्रागिरी स्पोर्ट्स क्लबलाई पराजित गरेको थियो । थाहा नगर पालिकाले थाहा पोलिटेक्निकलाई पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेको छ । प्रतियोगिताअन्तर्गत् आज मंगलबारदेखि सेमिफाइनलका खेलहरु हुनेछन् ।

पहिलो सेमिफाइनल खेलमा माउन्टेन एफसी र तारुकाबीच हुने आयोजकले जानकारी दिएको छ । आज नै दोस्रो सेमिफाइनल खेल आयोजक थाहा नगरपालिका र पारिजात स्पोर्ट्सबीच हुने आयोजक समितिका सदस्य यादव जंग रायमाझीले जानकारी दिए । प्रतियोगिताको फाइनल खेल ५ माघमा हुनेछ ।

गोल्डकप विजेताले नगद २ लाखसहित ट्रफि, मेडल र प्रमाणपत्र पाउने छ भने उपविजेताले १ लाख प्राप्त गर्ने भएको हो । विद्यागत रुपमा उत्कृष्ट खेलाडीहरुलाई पनि नगदसहित पुरस्कार रहेको आयोजकले जनाएको छ ।

# सुरक्षित संरचना निर्माण गर्न प्रदेश प्रमुख शर्माको जोड

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ भूकम्पीय जोखिमबाट बच्नका लागि सुरक्षित संरचनाहरु निर्माण गर्नुपर्नेमा बागमतीका प्रदेश प्रमुख यादव चन्द्र शर्माले जोड दिएका छन् ।



२ माघ सोमबार मनाइएको २५ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसका सन्दर्भमा शुभकामना सन्देश जारी गर्दै प्रदेश प्रमुख शर्माले सुरक्षित संरचना निर्माणका लागि थप प्रेरणा मिलोस् भन्ने कामना गरेका छन् ।

भूकम्पीय जोखिमका दृष्टिबाट नेपाल ११ औं स्थानमा रहेको तथ्यलाई मध्यनजर गर्दै प्रमुख शर्माले यसबाट जोगिन पूर्वाधार निर्माणमा आचारसंहिताको पूर्णपालना गर्नु आवश्यक रहेको बताए । 'विस २०७२ वैशाख १२ गतेको भूकम्पको प्रभाव हामीमाझ ताजै रहेकाले पनि यसबाट कतिसम्म सचेत रहनुपर्छ भन्ने हामी सहजै बुझ्न सक्छौं,' प्रदेश प्रमुख शर्माले भनेका छन् ।

२ माघको दिनलाई औपचारिकतामा सीमित नगरी नागरिकलाई भूकम्पबाट हुने क्षति न्यूनिकरण गर्न आवश्यक मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने वातावरण बनाउन शर्माले आग्रह गरेका छन् । 'यो दिवसले सचेत र सुरक्षित रहन सबैलाई प्रेरित गरोस्,' प्रमुख शर्माले भने । भूकम्पबाट क्षति भएका संरचनाहरु पुनर्निर्माण एवं पुनर्स्थापनाको कार्यमा लाग्ने र सहयोग पुर्याउँने सम्बन्धित सम्पूर्ण पक्षहरुमा शर्माले धन्यवाद व्यक्त गरेका छन् ।

## सम्मानका लागि कृति उपलब्ध गराउन आह्वान

हेटौंडा, २ माघ/साहित्य संगम मकवानपुरले साहित्य संगम मकवानपुर सम्मान-२०७८ का लागि आफ्ना कृति उपलब्ध गराउन आह्वान गरेको छ ।

सोमबार एक सूचना जारी गर्दै साहित्य संगम मकवानपुरले साहित्य संगम मकवानपुर सम्मान-२०७८ का लागि आफ्ना कृति उपलब्ध गराउन देशभरका कथाकारहरुलाई आह्वान गरेको हो । संगमले २०७८ वैशाखदेखि चैत्रसम्म प्रकाशन भएको कथा विधाका मौलिक कृति उपलब्ध गराउन आग्रह गरेको छ । संगमका संस्थापक केशव श्रेष्ठ 'ज्योति' ले यसै वर्षदेखि स्थापना गर्नुभएको सम्मानको राशी २५ हजार १ रुपैयाँ रहेको छ । यही माघ २० गतेसम्म कृति उपलब्ध गराउनुपर्ने बताइएको छ ।

# कांग्रेस मुख्य सचेतकमा काफ्ले

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको मुख्य सचेतकमा कुन्दनराज काफ्ले चयन भएका छन् ।



नेपाली कांग्रेसको सोमबार बसेको संसदीय दलको बैठकले काफ्लेलाई मुख्य सचेतकमा चयन गरेको हो । बैठकमा दल नेता बहादुरसिंह लामाले उनलाई मनोनित गरेको विषयमा जानकारी गराएका थिए । काफ्ले प्रदेशसभामा दोलाखा १(१) बाट निर्वाचित सांसद हुन् । उनले उनले नेकपा एमालेका उम्मेदवार नरबहादुर श्रेष्ठलाई पराजित गरेका हुन । काफ्लेले २२ हजार ७ सय ९७ मत ल्याउँदा श्रेष्ठले १४ हजार ७ सय ५५ मत ल्याएका थिए । काफ्लेले ८ हजार ४२ मतान्तरले विजयी भएका हुन । काफ्ले नेविसंघका पूर्वमहामन्त्री हुन् । उनी कांग्रेसको १४ औं महाधिवेशनबाट केन्द्रीय सदस्यसमेत भएका थिए । दोलखामा २०५२ मा भीमबहादुर तामाङले जितेपछि कांग्रेसका कुनै उम्मेदवार ले पनि जितेका थिएनन् । वैठकलेमा पोखरामा भएको यति एरलाइसन्सको विमान दुर्घटनामा मृत्यु भएको परिवार प्रति समवेदना व्यक्त गर्दै शोक प्रस्ताव समेत पारित गरेको छ । कांग्रेसले संसदीय दलको उपनेता र सचेतक अझै चयन गर्न सकेको छैन ।

'भूकम्प सुरक्षित पूर्वाधार, सुरक्षित जीवनको आधार'

२५ औं भूकम्प सूरक्षा दिवस
२ माघ २०७९

- 'उपमहानगरपालिकद्धारा जारी गरिएको मापदण्ड पालना गरौं र नक्सा पास गरी भवन निर्माण गर्ने बानी बसालौं।'
- 'भूकम्पले मान्छे मार्दैन, मान्छेले नै निर्माण गरेको संरचनाले मार्न सक्छ, त्यसैले भुकम्पीय सुरक्षित भवन निर्माण गरौं, आफ्नो धन जनलाई सुरक्षित गरौं।'

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा
अब प्रत्येक दिन
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा २४ सै घण्टा
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
हेटौडा सिटी हस्पिटलमा
तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।
थप जानकारीको लागि
हेटौडा सिटी हस्पिटल प्रा.लि.
हेटौडा उपमहानगरपालिका-१
फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्धारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।
कार्यरत विशेषज्ञ डाक्टरहरु :
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्धारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।
हेटौंडा मोडेल अस्पताल
हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना